नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
# उद्योग विभाग
त्रिपुरेश्वर, काठमाडौं
नेपाल ।

## शुभकामना सन्देश

"IP and Youth: Innovating for a better Future" भन्ने नाराका साथ मनाउन लागिएको विश्व बौद्धिक सम्पत्ति दिवसको अवसरमा म यस क्षेत्रमा क्रियाशील समस्त सर्जक, अध्येता, उद्योगी, व्यवसायी र संस्थाहरूलाई सफलताको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मानवीय सिर्जनालाई प्रोत्साहित गर्दै मुलुकको आर्थिक, सामाजिक र साँस्कृतिक विकासलाई गति दिन बौद्धिक सम्पत्तिको विकास र संरक्षण अपरिहार्य रहन्छ ।स्रष्टा र सिर्जनाको संरक्षण गर्दै राष्ट्रिय अर्थतन्त्रलाई गतिशील र प्रतिस्पर्धी बनाउदै लैजाने उद्देश्यका साथ नेपाल विभिन्न बहुपक्षीय, क्षेत्रीय र द्विपक्षीय संयन्त्रहरूमा आबद्ध भएको छ । बौद्धिक सम्पत्तिको प्रभावकारी संरक्षण गर्दै मुलुकलाई सिर्जनशील राष्ट्रको रूपमा स्थापित गर्न संवैधानिक, कानूनी र संस्थागत प्रबन्ध समेत गरिएको छ ।

अध्ययन अनुसन्धानको कमी, नागरिकहरूमा न्यून सचेतनाको बावजुत पनि नेपालमा बौद्धिक सम्पत्तिको संरक्षण र प्रबर्द्धनमा सरकार र निजी स्तरबाट भएका पहलकदमीहरूको यस अवसरमा स्मरण गर्न चाहन्छु । नेपालको संविधान, बौद्धिक सम्पत्ति नीति, २०७३, १५ औं आवधिक योजना, दीगो विकास लक्ष्य र भिजन २१०० ले आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रमा नियमित रूपमा अध्ययन अनुसन्धान गर्नु पर्ने, उच्च प्रतिभायुक्त युवाको विदेश पलायन रोक्ने तथा विदेशमा रहेका नेपालीमूलका वैज्ञानिकहरूलाई स्वदेश फर्कने वातावरण निर्माण गर्ने, कुल ग्राहस्थ उत्पादनको २% सम्म अनुसन्धानमा लगानी गर्ने, युवा अनुसन्धानकर्ताहरूलाई प्रोत्साहन गर्ने र नेपाललाई सृजनशील राष्ट्रको रूपमा स्थापित गर्ने विषयमा जोड दिएका छन् ।सरकारका नीति र अन्तर्राष्ट्रिय सन्धि सम्झौताका प्रावधानहरूको पालना गर्दै अति कम विकसित मुलुकहरूका लागि भएको छुट र प्राविधिक तथा आर्थिक सहयोगको अधिकतम परिचालन गर्दै विकासशील राष्ट्रमा स्तर वृद्धि हुने र यसलाई दिगो बनाउने दिशामा हामी सबैको सामुहिक प्रयास आवश्यक छ । औद्योगिक बौद्धिक सम्पत्ति प्रशासनलाई छिटो, छरितो र आधुनिक बनाउन सरकारले उद्यमीहरू, अनुसन्धानमुलक संस्थाहरू र विश्वविद्यालयहरूसँग हातेमालो गर्दै बौद्धिक सम्पत्ति संरक्षण र प्रबर्द्धनमा अभिभावकीय भूमिका निर्वाह गर्दै आएको छ ।यस कार्यमा प्रदेश र स्थानीय सरकारसँग समेत सहकार्य गर्दै तीनै तहमा बौद्धिक सम्पत्तिको प्रभावकारी संरक्षणको प्रबन्ध गर्न आजको आवश्यकता हो । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र उद्योग विभागको समन्वयमा सञ्चालित प्रदेश स्तरीय अन्तरक्रिया कार्यक्रम, WIPO को सहयोगमा सञ्चालित तालिम र संस्थागत क्षमता अभिवृद्धि कार्यक्रम तथा स्रष्टाहरूमा बढ्दै गएको सचेतनाले बौद्धिक सम्पत्ति संरक्षण र प्रबर्द्धनमा महत्वपूर्ण योगदान पुगेको छ ।

अन्तमा, विश्वव्यापी महामारीको रूपमा फैलिरहेको कोविड –१९ को कारण उद्योग तथा अनुसन्धानको क्षेत्रमा परेको असरबाट अनुकुलन रहँदै बौद्धिक सम्पत्तिको संरक्षण र प्रबर्द्धनमा लाग्न नागरिक समाज, निजी क्षेत्र र सबै अनुसन्धामुलक संस्थाहरूलाई प्रेरणा मिलोस् भन्ने यस दिवसको उपलक्षमा पुनः हार्दिक शुभकामना व्यक्त गर्दछु । धन्यवाद

२०७८/१/१३
रामचन्द्र तिवारी
महानिर्देशक

२६११०१, ४२६१२०३, ४२६११६८, ४२६११६९, फ्याक्स: ९७७-१-४२६१११२, इमेल: info@doind.gov.np, वेबसाइट: http://www.doind.gov.np
(कृपया पत्राचार गर्दा पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।)